आज मिति २०८३ साल असार महिनाको ९ गते मंगलबारका दिन राइनास नगरपालिकाको कार्यपालिका हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थितिमा राइनास नगर कार्यपालिकाको ९५ औं बैठक बसी निम्नानुसार निर्णय गरियो।

उपस्थिति :

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज रेग्मी | सचिव |

आमन्त्रित अन्य उपस्थिति :

| | | |
|---|---|---|
| | विमला वाग्ले | |
| | नितेश रिजाल, इन्जिनियर | |
| | रमेश थापा, प्र.पु.अ. | |
| | | |
| | | |

CamScanner

मिति २०८३/०३/०९ गतेको ९५ औं नगरकार्यपालिका बैठकका निर्णयहरु:

**बैठकमा पेश भएका प्रस्तावहरु**

१. गत बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. आगामी आर्थिक वर्ष ०८३/८४ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा ।
३. कानून मस्यौदा समिति सम्बन्धमा।
४. स्थानीय दररेट सम्बन्धमा ।
५. विविध सम्बन्धमा ।

**निर्णय नं.१:**

नगर कार्यपालिकाको अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था तथा कार्यालयको सेवा प्रवाह सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं.२:**

आर्थिक वर्ष ०८३/०८४ का लागि प्रस्तावित नीति तथा कार्यक्रम, बजेट, आर्थिक विधेयक, विनियोजन विधेयक, लेखा समिति प्रतिवेदन तथा न्यायिक समिति प्रतिवेदन नगरसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

**निर्णय नं.३:**

नगरपालिकाबाट जारी भएका विद्यमान कानून आवश्यकतानुसार संशोधन गर्न तथा नयाँ कानून (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड) को मस्यौदा तयार गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सम्बन्धित विषयगत शाखा प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुख सदस्य रहने गरी कानून मस्यौदा समिति गठन गर्ने। उक्त समितिमा आवश्यकता अनुसार विषय विज्ञ तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिने।

**निर्णय नं. ४**

पूर्वाधार विकास कार्यालय, लमजुङबाट आगामी आर्थिक वर्षको जिल्ला दररेट (District Rate) तयार गर्ने क्रममा राय सुझाव पेस गर्न प्राप्त पत्रका सम्बन्धमा यस राइनास नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विकास निर्माणका योजनाहरूलाई थप व्यावहारिक, यथार्थपरक र पारदर्शी बनाउनका लागि तपसिल बमोजिमका विषयहरूमा दररेट परिमार्जन गर्न आवश्यक देखिएकाले सोही बमोजिम परिमार्जनका लागि राय सुझाव पठाउने ।

तपसिल (सुझावका मुख्य बुँदाहरू):

क. ढुवानी सम्बन्धी दररेट (Transportation Rate):

राइनास नगरपालिकाका कतिपय ग्रामीण तथा पहाडी वडाहरूको भौगोलिक विकटता, सडकको अवस्था (कच्ची, ग्राभेल) र दूरीलाई मध्यनजर गर्दा हाल कायम रहेको ढुवानी दररेट अपर्याप्त देखिएकाले निर्माण सामग्री (ढुङ्गा, गिट्टी, बालुवा, सिमेन्ट, डण्डी आदि) को ढुवानी भाडालाई स्थानीय बजारको यथार्थ ढुवानी लागत अनुकुल हुने गरी परिमार्जन गर्न सिफारिस गर्ने।

**सबै प्रकारका सामग्रीका लागि:**

साबिकको जिल्ला दररेटमा प्रति केजि प्रति किलोमिटरका आधारमा ढुवानी दररेट तय गरिएको तर राइनास नगरपालिका अन्तर्गत सबै प्रकारका सामग्रीको ढुवानी गर्दा सामग्रीको तौलसँग कुनै सम्बन्ध नहुने र प्रति ट्रिपको आधारमा ढुवानी दररेट तय गरिने हुँदा सोही बमोजिम हुन अनुरोध।

ट्रक वा टिप्परबाट ढुवानी गर्दा:

| सडकको अवस्था | ढुवानीको माध्यम | प्रति घनमिटर | प्रति ट्रिप-प्रति कि.मि. |
|---|---|---|---|
| पक्की बाटो | ट्र्याक्टर | | ५०० |
| | ट्रक/टिप्पर | | १००० |
| कच्ची बाटो | ट्र्याक्टर | | ६०० |
| | ट्रक/टिप्पर | | १२०० |

निर्माण सम्बन्धी साना योजनामा थोरै सामग्री ढुवानी गर्दा ट्र्याक्टर वा टिप्पर पूर्ण रूपमा नभरिने अवस्थामा समेत कम सामग्री भएकै कारण ढुवानी दररेटमा छुट नहुने भएको हुँदा एक ट्र्याक्टर वा एक ट्रक (पूर्ण अवस्था) को दररेट दिन बाधा नपर्ने व्यवस्था गर्नुपर्ने।

ख. जै घाँसको बिउको दररेट (Jai Grass Seed Rate):

नगरपालिका क्षेत्रभित्र पशुपालन प्रवर्द्धन कार्यहरूमा व्यापक रूपमा प्रयोग हुने जै घाँसको बिउको बजार मूल्य र स्थानीय उपलब्धतालाई हेरी कृषक तथा उपभोक्ता समितिहरूलाई सहज हुने गरी उपयुक्त दररेट निर्धारण गर्न अनुरोध गर्ने। प्रस्तावित दर रेट रु १२५ प्रति के.जी.

ग. पाइपको दररेट (Pipe Rate - HDPE/GI):

खानेपानी तथा सिँचाई आयोजनाहरूमा प्रयोग हुने विभिन्न साइज र प्रेसरका पाइपहरू (विशेष गरी HDPE र GI पाइप) को आपूर्ति लागत, ढुवानी र बजारको वर्तमान मूल्य सूची (Market Price) लाई विश्लेषण गरी निर्माण कार्यमा गुणस्तर कायम हुने गरी यथार्थपरक दररेट कायम गर्ने।

**<u>निर्णय नं.५: (विविध)</u>**

क. राइनास नगरपालिका कार्यालय, नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ, ८ नं वडा कार्यालय, वडा अध्यक्ष श्री कृष्ण बहादुर रानाभाटसमेतलाई विपक्षी बनाइ राइनास नगरपालिका वडा नं ८, ज्यामिरे बस्ने वर्ष १८ को सुशान्त शर्माले उच्च अदालत पोखरामा दर्ता गरेको रिट नम्वर ०८२-WO-०११९ को लिखित जवाफ सहित नियमानुसार प्रतिरक्षा गर्न यस नगरपालिकाका न्यायिक सहजकर्ता श्री सरिता पनेरुलाई अख्तियारी दिने।

ख. चालु आर्थिक वर्षमा कृषि क्षेत्रमा उल्लेखनीय कार्य गर्ने कृषकलाई सम्मान गर्नको लागि नगर प्रमुख उत्कृष्ट कृषक सम्मान कार्यक्रम अन्तर्गत उत्कृष्ट कृषक सम्मान गर्न नगर प्रमुख उत्कृष्ट कृषक छनौट समितिबाट पेश भएका ६ जना कृषकहरुलाई उत्कृष्ट कृषक सम्मानको लागि अनुमति दिने।

ग. चालु आ.ब.मा सञ्चालन भएको राष्ट्रपति रनिङशील्ड प्रतियोगितामा प्रदेश स्तर र जिल्ला स्तरमा स्वर्ण, रजत र कास्यपदक प्राप्त गर्न सफल भएका यस नगपालिकाभित्रका विद्यालयका विद्यार्थीहरुलाई पुरस्कृत गर्नकालागि विविध शीर्षकबाट आवश्यक रकम व्यवस्थापन गरी पुरस्कृत गर्ने।